बैठक संख्या - ७

मिति :- २०७४।७।१९ गते
समय :- साझ ४ बजे
स्थान :- देवघाट गाउपालिका सभाहल, देवघाट, तनहुँ

यस देवघाट गाउपालिका गाउकार्यपालिका क
अध्यक्ष दुर्गा वहादुर थापा ज्यू को अध्यक्षतामा कार्यपालिका बै
सातौं बैठक बस्यो।

उपस्थिति

| हस्ताक्षर | | नाम | पद | | |
|---|---|---|---|---|---|
| [signature] | श्री | दुर्गा वहादुर थापा | अध्यक्ष | | |
| [signature] | श्री | विमला थापा | उपाध्यक्ष | | |
| [signature] | श्री | भिम वहादुर गुरुङ | वडाध्यक्ष | देवघाट | १ |
| | श्री | पोल वहादुर आले | " | " | २ |
| [signature] | श्री | कुलीमान आले | " | " | ३ |
| [signature] | श्री | पदम वहादुर गुरुङ | " | " | ४ |
| [signature] | श्री | याम वहादुर गुरुङ | " | " | ५ |
| [signature] | श्री | चन्द्र प्रकाश वि.क. | कार्यपालिका सदस्य | | |
| रत्नकटे | श्री | रत्नवहादुर बोटे | " | " | |
| | श्री | वाल कुमारी परियार | " | " | |
| भोगीमायाराना | श्री | भोगीमाया राना | " | " | |
| अनिता | श्री | अनिता गुरुङ | " | " | |
| याम माया | श्री | यम माया गुरुङ | " | " | |
| [signature] | श्री | रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | | |
| [signature] | श्री | वुद्धि प्रसाद अर्याल | योजना शाखा | | |
| [signature] | श्री | विष्णु प्रसाद ढकाल | आ०प्र० शाखा | | |

निर्णय नं १ ) : यस देवघाट गाउँपालिकामा रहेका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको विषयमा व्यवस्थापन कार्यका लागि तपशिल बमोजिमको सामाजिक सुरक्षा समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक : दुर्ग बहादुर थापा ( गाउँपालिका अध्यक्ष )
ख) सदस्य : रमेश सुवेदी ( प्रमुख प्रशासकीय अधिकृत )
ग) सदस्य : रिषीराम लामिछाने ( प्रतिनिधि, फरक क्षमता )
घ) सदस्य : बैकुठ प्रसाद न्यौपाने (प्रतिनिधि, जेष्ठ नागरिक)
ङ) सदस्य : भिम बहादुर थापा (१ नं वडा अध्यक्ष )
च) सदस्य : पोलबहादुर आले (२ नं. वडा अध्यक्ष )
छ) सदस्य : कृतिमान आले (३ नं. वडा अध्यक्ष )
ज) सदस्य : पदम बहादुर गुरुङ (४ नं. वडा अध्यक्ष )
झ) सदस्य : याल बहादुर गुरुङ (५ नं. वडा अध्यक्ष )
ञ) सदस्य : आसिक राना ( स्थानीय पत्रकार )
ट) सदस्य सचिव : बुद्धि प्रसाद भुषाल ( नायब सुब्बा )

निर्णय नं. २ ) : यस गाउँपालिका स्थापना भएको पहिलो वर्षको अवसरमा स्थापना भएको एक वर्ष अगावै मितिः २०७५।११।२७ भित्र यस गाउँपालिकाका ..३०......जना जेष्ठ नागरिक, एकल महिला, अपांगहरुलाई रु......५०००।-का दरले सम्मान स्वरुप रकम उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ३ ) : यस गाउँपालिकाको शिर्षक गत बजेट लाई आगामी कार्यपालिकाको बैठक तथा विषयगत बैठक सहित आयोजनागत रुपमा बजेट कार्यक्रम तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ ) : यस गाउँपालिकाको विकासका लागि उपभोक्ता समितिलाई आयोजना संचालन सम्बन्धी प्रक्रियागत विषयहरुमा तालिम प्रदान गर्ने निर्णय गरियो । साथै सो लगायत अन्य प्रशिक्षणको लागि नगर विकास प्रशिक्षण केन्द्र पोखरा संग आवश्यक समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ५) : गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको सुविधा सम्वन्धमा तपसिल अनुसारको निर्णय गरियो ।

पदाधिकारीको सुविधा

१) प्रदेश कानून बने पछि सोही अनुसार हुने गरि हलको लागी गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष , वडाध्यक्ष र गाउँकार्यपालिका तथा गाउँ सभाका सदस्यहरु गाउँपालिकाको काममा काजमा खटिँदा तपसिल अनुसारको सुविधा दिने,

क) बास बस्नु पर्ने अवस्था पर्न आएमा खाना, बास, वापत प्रति दिन तपसिल अनुसार एक मुष्ठ रकम दिने निर्णय गरियो ।

गाउँ कार्यपालिकाका अध्यक्षलाई जिल्ला वाहिर रु. १८०००। जिल्ला भित्र रु. १४००।
गाउँ कार्यपालिकाका उपाध्यक्षलाई जिल्ला वाहिर रु. १४०००। जिल्ला भित्र रु. १०००।
गाउँ कार्यपालिका र सभाका सदस्यलाई जिल्ला वाहिर रु. १०००।- जिल्ला भित्र रु. ५००।

ख) अध्यक्ष वा अध्यक्षले तोकेको पदाधिकारीको नेतृत्वमा विशेष काम, कार्यक्रममा टोकिएका टोली अथवा अतिथि सहित जानु पर्ने भएमा खाना, खाजा, बास, वापत लाग्ने विल अनुसारको खर्च र विल नपाईने ठाउँमा भए भपाई अनुसारको खर्च ॥

ग) कार्यालयको गाडी वाहेक जानु पर्दा यातायात वा ईन्धन खर्च ।

कर्मचारीको सुविधा

अत्यधिक कार्यबोझ, जिम्मेवारी र कार्यदक्षताको आधारमा यस गाउँकार्यपालिकाका कार्यकारी अधिकृत - हाल प्रमुख प्रशासकीय अधिकृत ) , लेखापाल र प्रशासन तथा योजना शाखा दुवै एउटैले हेर्ने हुँदा सो शाखाका एक ना.सु.लाई

खाईपाई आएको शुरु तलव स्केलको पचास प्रतिशत थप प्रोत्साहनको रुपमा गत बर्ष देखिनै भुक्तानी दिईंदै आएकोमा त्यसलाई निरन्तरता दिने निर्णय गरियो । साथै कर्मचारी यस गाउँपालिका क्षेत्र वाहिर काजमा खटिँदा नियमानुसारको सुविधा पाईने छ तर यस गाउँपालिका क्षेत्रका विभिन्न वडा, वस्तीहरुमा कार्यालयका कामका शिलशिलामा कर्मचारीहरु जाँदा आउँदा बास बस्नु पर्ने अवस्था पर्न आएमा,

स्वीकृत भ्रमण आदेश बमोजिम दैनिक भ्रमण भत्ताको रुपमा नदिई तपशिल बमोजिमको खाना, बास, वापत दैनिकको हिसावले तपशिल बमोजिम एक मुष्ठ खर्च उपलब्ध गराउने निर्णय गरियो ।

क) राजपंत्राकित तृतिय वा सो सरहका कर्मचारीहरुका लागि दैनिक रु १०००।००

ख ) राजपत्रअनकित तथा अन्य कर्मचारीहरुलाई दैनिक रु ८००।००

ग ) यातायात खर्च - लाग्ने भाडा वा ईन्धन खर्च

घ) प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीको नेतृत्वमा विशेष काम, कार्यक्रममा टोकिएका टोली अथवा अतिथि सहित जानु पर्ने भएमा खाना, खाजा, बास, वापत लाग्ने विल अनुसारको खर्च र विल नपाईने ठाउँमा भए भपाई अनुसारको खर्च ।

काज /भ्रमण आदेश स्विकृत गर्ने:

क) अध्यक्षको : आँफै

ख) उपाध्यक्ष , वडाध्यक्ष र गाउँकार्यपालिका तथा गाउँ सभाका सदस्यहरुको : अध्यक्षले

ग) प्रमुख प्रशासकीय अधिकृतको : गाउँपालिका,जिल्ला भित्र आफैं र जिल्ला वाहिर अध्यक्षले

घ) अन्य कर्मचारीको : : गाउँपालिंका,जिल्ला भित्रैं र जिल्ला वाहिर प्रमुख प्रशासकीय अधिकृतले

निर्णय नं. ६ : नेपाल रेडक्रस सोसाईटी कोट दरवार उप शाखा (ऋषिङ गाउँपालिका) बाट खरिद गर्न लागिएको एम्बुलेन्सका लागि सहयोग माग भई आएको सम्बन्धमा अत्यन्त दुर्गममा रहेका यस देवघाट गाउँपालिकाका वडा नं. २,३,४ का नागरिकहरु लाभान्वित हुने हुदा उक्त एम्बुलेन्स खरिदका लागि रु ३०००००।०० (तीन लाख रुपिया) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७ : मृगौला पिडित,देवघाट गाउँपालिका वडा नं. ५ का भुल बहादुर आले र दुर्घटना पिडित देवघाट ४ का जंग बहादुर गुरुङलाई

प्रत्ति व्यक्ति रु १००००।०० का दरले उपचार सहयोग वापत सामाजिक सेवा अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ : तपशिलका योजनाहरुमा तपशिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो

क) गुम्बा व्यवस्थापन कार्यक्रम अन्तर्गत देवपुर गुम्बा देवघाट ५ लाई रु ४७०००।००( सतचालिस हजार रुपैया )

ख) श्री गाउँ सुधार समिति देवघाट ५ को सार्वजनिक कार्यक्रम मन्च निमार्णका लागि १२००००।००(एक लाख बीस हजार रुपैया )

निर्णय नं. ९ : यस देवघाट गाउँपालिकाको स्थानीय तह श्रोत परिचालन तथा संचालन निर्देशिका तयार गरी कार्यपालिका वैठकमा पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

क) रमेश सुवेदी : संयोजक

ख) चन्द प्रकाश वि.क : सदस्य

ग) यम माया गुरुङ : सदस्य

घ) तीर्थ राज ढुङ्गाना : सदस्य

ङ) बिष्णु प्रसाद ढकाल :  सदस्य

च) बुद्धि प्रसाद भुषाल  : सदस्य सचिव

निर्णय नं. १० : देवघाट गाउँपालिका वडा नं १ मा रहेको पार्वती माध्यमिक विद्यालय  का लागि विद्युतिय हाजिर प्रविधि (थम्ब रजिष्टर) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११ : यस देवघाट गाउँपालिका वडा नं. २ मा रहेको कालीगंगा माध्यमिक विद्यालयका लागि शिक्षण सामाग्री प्रयोजनका लागि थान १ प्रोजेक्टर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ : तपशिलका विद्यालयहरुका लागि  २०७४ मार्ग र पौष २ महिनाको लागी  एक जना शिक्षक राख्नको लागी शिक्षा तर्फको कार्यक्रम अन्तर्गत शिक्षक तलव  अनुदान प्रति विद्यालय १४०००।००का दरले उपलब्ध गराउने निर्णय गरियो ।

क) सिद्ध आधारभूत विद्यालय देवघाट, ४

ख) जलदेवी आधारभूत विद्यालय देवघाट, ४

ग) देवेश्वरी आधारभूत विद्यालय देवघाट, ४

घ) गोर्खा कालिका आधारभूत विद्यालय देवघाट ,३

ङ) सिद्ध आधारभूत विद्यालय देवघाट ,२

च) जनसेवा आधारभूत विद्यालय देवघाट, २

निर्णय नं. १३  :  विभिन्न संघ संस्थाहरुको सहयोग र सहभागितामा संचालन हुने ४५ दिने डकर्मी तालिममा सहभागि हुने प्रशिक्षार्थीहरुका लागि प्रति सहभागि प्रति दिन रु ३००।०० का दरले खाना तथा यातायात खर्च बापत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४ : देवघाट गाउँपालिका भित्र रहेका सात सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप, कला ,सिप प्रवर्धन गर्ने कार्यक्रम निर्णय गरियो ।

निर्णय नं.१५ :  यस देवघाट गाउँपालिका भित्र रहेका कृषि सेवा केन्द्र पशु सेवा, स्वास्थ्य तर्फका कर्मचारीहरुको मासिक रुपमा हाजिरी प्रमाणीत र मासिक प्रगती प्रतिवेदन माग गर्ने निर्णय गरियो

निर्णय नं. १६ : देवघाट गाउँपालिका भित्र रहेका सबै वडाहरुमा कृषि र पशु सेवा कार्यस्थल व्यवस्थापन गरी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ : यस गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा वास वस्न, खाना तथा खाजा खानको लागी र आवश्यक सामान आपुर्ति गर्न कुनै पनि स्थायी लेखा नम्बरमा दर्तावाला फर्म संचालनमा नरहेकाले विल, विजक उपलब्ध हुन नसक्ने हुँदा कुनै कार्यक्रम संचालन गर्दा वा अनुगमन भ्रमण जस्ता कार्य हुँदा भर्पाइवाट पनि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २ संग सम्बन्धित

यस देवघाट गाउँपालिका अन्तर्गत रहेका विभिन्न वडाहरुमा आर्थिक वर्ष २०७३/०७४ मा गाउँपालिका स्थापना भएको अवसरमा तपशिलका जेष्ठ नागरिक,जेष्ठ नागरिक दलित,एकल महिला, विधवा,पूर्ण अपाङ्ग अति अशक्त अपाङ्ग, दलित बालबालिकाहरुलाई सम्मान स्वरुप रु ५०००/-रकम दिने निर्णय गरियो

| क्र.स | लाभग्राहीहरुको नाम थर | ठेगाना | सामाजिक सुरक्षाको किसिम |
|---|---|---|---|
| १ | पार्वती खनाल | देवघाट ५ | एकल महिला |
| २ | सुमित्रा देवी भुसाल | देवघाट ५ | एकल महिला |
| ३ | भगवती ठकुरी | देवघाट ५ | जेष्ठ नागरिक |
| ४ | मंगली गुरुङ | देवघाट ४ | एकल महिला |
| ५ | लाल माया सिंजाली | देवघाट ४ | एकल महिला |
| ६ | वसी माया गुरुङ्ग | देवघाट ५ | एकल महिला |
| ७ | विर बहादुर गुरुङ्ग | देवघाट ५ | जेष्ठ नागरिक |
| ८ | दल बहादुर गुरुङ्ग | देवघाट ४ | जेष्ठ नागरिक |
| ९ | नर बहादुर खडका | देवघाट ५ | जेष्ठ नागरिक |
| १० | वुदिसरा गुरुङ्ग | देवघाट ४ | जेष्ठ नागरिक |
| ११ | वुदिराज गुरुङ्ग | देवघाट ४ | जेष्ठ नागरिक |
| १२ | गौमती गुरुङ्ग | देवघाट ४ | जेष्ठ नागरिक |
| १३ | वनिसरा गुरुङ्ग | देवघाट ५ | एकल महिला |
| १४ | जानकी देवी सिलवाल | देवघाट ५ | जेष्ठ नागरिक |
| १५ | आइत माया बोटे | देवघाट ५ | जेष्ठ नागरिक |
| १६ | तिलि सरा मगर | देवघाट ५ | एकल महिला |
| १७ | लाल माया सिंजाली मगर | देवघाट ५ | एकल महिला |
| १८ | वुदिमाया भुजेल | देवघाट ५ | जेष्ठ नागरिक |
| १९ | काली माया पन्त | देवघाट ५ | |
| २० | सुकमाया गुरुङ्ग | देवघाट ५ | जेष्ठ नागरिक |
| २१ | आसमती गुरुङ्ग | देवघाट ५ | जेष्ठ नागरिक |
| २२ | बम बहादुर खड्का | देवघाट ५ | जेष्ठ नागरिक |
| २३ | राज्य लक्ष्मी ठकुरी | देवघाट ५ | जेष्ठ नागरिक |